# <u>प्रेस विज्ञप्ती</u>

राष्ट्रिय अर्थतन्त्रमा उद्योग, व्यापारको विस्तारसागै विज्ञापन व्यवसायमा पनि विस्तार भइरहेको छ । यसै सन्दर्भमा हाल करिब चार अर्ब तीस करोड बराबरको विज्ञापन व्यवसाय हुन थालेको छ । यसरी क्रमिक रूपमा बढ्दै गएको नेपाली विज्ञापन व्यवसायलाई समयानुकुल, सुव्यवस्थित एवं संगठित ढंगबाट अगाडि वढाउदै अन्ततः विज्ञापन व्यवसायलाई राष्ट्रको औद्योगीक एवं व्यवाकसायीक समुन्नतिको लागि एक बलियो माध्यमको रूपमा स्थापित गर्ने उद्देश्यसहित नेपाल विज्ञापन संघ अगाडि बढिरहेको छ ।

विगत केही वर्ष अघिसम्म नेपाली विज्ञापन व्यवसायमा विदेशी प्रभाव रहेकोमा त्यसलाई क्रमिक रूपमा हतोत्साहित गर्दै नेपाली लगानी, सीप तथा सिर्जनालाई प्रोत्साहन गर्नका लागि नेपाल विज्ञापन संघले २०६० सालदेखि निरन्तर रूपमा विज्ञापन सिर्जनाको सम्मानार्थ कृति अवार्डको आयोजना गर्दै आएको छ । यस आयोजनालाई सम्पूर्ण नेपाली विज्ञापन व्यवसायी, विज्ञापनदाता तथा सञ्चारमाध्यमहरूले उत्सवका रूपमा मनाउँदै आएका छन् । २०६० सालमा ५ विधाको लागि १७ एजेन्सीले ११८ नामांकन (Nomination) दर्ता गराई शुरु गरिएकोमा **एस ट्राभल्स डट कम सातौा कृति अवार्ड** सम्म आइपुग्दा २४ विधाको लागि ४० एजेन्सीले ४१० नामाङ्कन दर्ता गराएका छन् ।

***"Freedom For Advertising"*** भन्ने मूल नाराका साथ आयोजना गर्न लागिएको आगामी एस ट्राभल्स डट कम सातोा कृति अवार्डलाई परिमार्जित एवं परिष्कृत रुपमा आयोजना गर्ने सन्दर्भमा श्री यादव खरेलको संयोजकत्वमा स्वतन्त्र निर्णायक समिति गठन गरी उक्त समितिको सुपरिवेक्षणमा निर्णायक मण्डलका सदस्यहरुद्वारा नामांकनहरुको मूल्यांकन (छनौट) गरिएको छ ।

नेपाली विज्ञापन क्षेत्रमा सिर्जनशीलताको अभिवृद्धि र श्रष्टाहरुलाई सम्मान गर्दै नेपाली विज्ञापन सिर्जनालाई स्तरीय बनाउँदै विश्व विज्ञापन बजारमा नेपाली सिर्जनालाई प्रतिष्पर्धी बनाई नेपाली उत्पादन तथा सेवाहरुलाई विश्व खुला अर्थ बजारमा स्थापित गराउने उद्धेश्यका साथ आरम्भ गरिएको यो यात्रा आजको दिनसम्म पुग्दा विज्ञापन व्यवसायी, विज्ञापनदाता एवं सञ्चार माध्यमहरुको साझा कार्यक्रम भइसकेको छ । साथै विज्ञापन व्यवसाय र संचार माध्यमको बीच नङ्ग मासुको सम्बन्धलाई प्रष्टचाउन "Crity Awards is a celebration of all Nepali Media & Advertising Professionals" भन्ने भावनालाई नेपाली संचार जगत् एवं व्यावसायिक क्षेत्रबाट आत्मसात गरी विगत वर्षहरुमा यस आयोजनामा आफ्नो व्यापक सहभागिता जनाउदै आएका छन् ।

यसै सन्दर्भमा विगतमा आयोजना गरिएका कृति अवार्डको मूल्यांकन तथा अन्य प्रक्रियाका सन्दर्भमा प्राप्त सुझावहरुका आधारमा आगामी आयोजनाका लागि संभव भए सम्म परिमार्जन गरिएको छ । सोहि सन्दर्भमा नेपाली विज्ञापनको निर्माणमा विदेशि मोडलहरुको प्रयोगलाई न्यून गर्दै स्वदेशि मोडलहरुलाई प्रोत्साहित गर्दै लैजाने उद्देश्यबाट यस वर्ष Best TVC Model Male र Best TVC Model Female विधाको शुरुवात पनि गरीएको छ । यहि मंसीर १६ गते देखि २२ गते सम्म विभिनन निर्णायक मण्डलद्धारा गरीएको मूल्यांकनमा प्रत्येक विधामा छनोट भएका उत्कृष्ट पाँचहरुको निम्न अनुसार रहेको जानकारी गराइन्छ ।

आशा छ आगामी आयोजनामा पनि त्यसले निरन्तरता पाउने छ ।

धन्यवाद ।

२०६८ मंसिर २६ गते, सोमबार